छेडागाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

कर्णाली प्रदेश, नेपाल ।

प.स. ०७७/०७८ मिति:-२०७७।१०।२९

च.नं. ९८२

**बिषय:- आगामी आ.व. ०७७/०७८ का लागि बेरोजगार व्यक्तिहरुको सूचिकरण सम्बन्धमा।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आर्थिक वर्ष २०७८।०७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिहरु, **सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले आफु बसोबास गरेको सम्बन्धित वडाको वडा कार्यालयमा गई मिति २०७७।११।०१ गतेदेखि मिति २०७७।११।३० भित्र** निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

१ निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटा १/ १ प्रति ।

२ **अनुसूची १ फारम ( फारम भर्दा फारमले मागेका कुराहरु जस्तैः परिवारका सम्पूर्ण सदस्यको नाम, नाता, जन्मामिति, नागरिकता नम्बर र जारी मिति र जारी जिल्ला, शैक्षिक योग्यता, सिप, दक्षता, रोजगारीको अवस्था, स्वदेश तथा विदेशमा स्वरोजगार भएको/ नभएको, कुल बार्षिक पारिवारीक आय, सामाजिक सुरक्षा भत्ता, पेन्सन सुविधा पाए/ नपाएको जग्गा जमिन, सम्पर्क फोन नं आदि विवरण अनिवार्य भरेको हुनुपर्नेछ।**

३ स्थायी बसोबास खुल्ने आवश्यक कागजातको फोटोकपी (नागरिकताको प्रमाण-पत्र अन्यत्रबाट जारी भएको भए **बसाई सराईको प्रमाण पत्रको प्रतिलिपी**, नागरिकता प्रमाण पत्र अन्य जिल्लाबाट लिएको विवाहित महिलाको सन्दर्भमा विवाह दर्ताको प्रमाण-पत्रको प्रतिलिपी)।

४ यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएकाको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण निवेदनको बुँदा नं १५ भन्दा तलको खाली ठाउँमा अनिवार्य रुपमा भर्नुहुन अनुरोध छ ।देश………… पासपोर्ट नं………….. विदेशमा गरेको कामसंग सम्बन्धित सीप…………. आदि ।

५ गरिव, अल्पसंख्यक, विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई पहिलो प्राथमिकता दिइने छ।

६ गरिवी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्न गत **आ.व. ०७६/०७७ र चालु आ.व. ०७७/०७८ मा फारम भरेका बेरोजगार व्यक्तिहरुले पनि अनिबार्य फारम भर्नु पर्नेछ । साथै वडा कार्यालयबाट सिफारिस गरेको व्यक्तिलाई मात्र सूचिकृत गरिनेछ।**

बोधार्थ

श्री सूचना प्रविधि शाखा, छेडागाड नगरपालिका:- सूचना website तथा सामाजिक सञ्जालमा प्रकाशन गरिदिनुहुन ।

गंग बहादुर रोकाय

नि.प्रमख प्रशासकीय अधिकत

नोटः फारमले मागेको सबै विवरण अनिवार्य भर्नु पर्नेछ अन्यथा फारम स्वीकृती नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।